# लेखापरीक्षण प्रतिवेदन

# सत्यवती गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सत्यवती गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/691

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ४१ लाख ८८ हजार , एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ८६ लाख ५७ हजार , गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २१ लाख ६५ हजार समेत गरी रु. १५ करोड ५४ लाख २५ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्व ३४ करोड ९४ लाख ३९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड २९ लाख ४५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २३ लाख ५ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड ६ लाख ३९ हजारमध्ये असुल गर्नुपर्ने रू. २८ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. १९ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु. ७७ लाख ७३

हजार र पेस्की बाँकी रु.९ लाख २ हजार रहेको छ। गत वर्षसम्म रु. १८ करोड ३८ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ७ लाख ८५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सत्यवती गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३८ | ५५ | १,२९,४५,१६८ | ० | ४७ | २३,०५,६६३ | ० | ३८ | ८ | १,०६,३९,५०५ | २८,१४० | ७७,७३,५१० | १९,३६,२६५ | ० | ० | ९७,०९,७७५ | ९,०१,५९० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | १८,३८,८८,००० | ० | ३,३७,६२,३१३ | १५,०१,२५,६८६ | २०,७७४ | १,०६,३९,५०५ | १६,०७,८५,९६५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २५ | सामाजिक सुरक्षातर्फ | ८४,४५६ |
| २ | २०८०/८१ | २० | बढी ग्रेड भुक्तानी | ५,७९० |
| ३ | २०८०/८१ | २८ | पाठ्यपुस्तक निकासा | ३९,१४६ |
| ४ | २०८०/८१ | २६ | दिवा खाजा | १,७३,५९५ |
| ५ | २०८०/८१ | ३८ | कामको मूल्यांङ्कन पेश गर्नुपर्ने | १९,००,००० |
| ६ | २०८०/८१ | ४८ | आन्तरिक आयतर्फ | १,०२,६७६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | १७ | फरक शिर्षक | १,२१,७४९ |
| ८ | २०७९/८० | २४ | क्याम्पसलाइ अनुदान | ५,००,००० |
| ९ | २०७९/८० | २२ | कर कट्टी नगरेको | ९,००० |
| १० | २०७९/८० | १५ | कच्चा पदार्थ खरिद | ४,००,००० |
| ११ | २०७९/८० | १८ | असम्वन्धित खर्च | ३८,०२९ |
| १२ | २०७९/८० | १३.१ र १३.२ | शिर्षक फरक र मू.अ.कर कट्टी | ६३,३५५ |
| १३ | २०७८/७९ | ३१.४ | लाभग्राही समुदायबाट खरिदमा कानूनको पालना | ८,७३,००० |
| १४ | २०७८/७९ | २४.१ | योजनाको रकम भुक्तानी | १५,००,००० |
| १५ | २०७८/७९ | २३.३ | बढी भुक्तानी | ४६,६७५ |
| १६ | २०७८/७९ | ३७ | पदाधिकारीको दोहोरो सुविधा | १,००,६०० |
| १७ | २०७८/७९ | ३५.२ | गाउँपालिका चालुतर्फ | ६०,००० |
| १८ | २०७७/७८ | ४२.१ | स्वास्थ्य कार्यक्रम | ६०,५८८ |
| १९ | २०७७/७८ | २८.१ र २८.२ | सभाहल निर्माण कार्य | ९९,२६,७७७ |
| २० | २०७७/७८ | २९.३ | सत्यवति बहुमुखी क्याम्पस | ३,००,००० |
| २१ | २०७७/७८ | २५ | सडक सफाइ | ४६,५१,२७७ |
| २२ | २०७७/७८ | ३६.३ , ३६.४ र ३६.५ | शिक्षा | ५६,९४,३२६ |
| २३ | २०७७/७८ | ४८ | वडा खरिद | ६,२०,००० |
| २४ | २०७७/७८ | ५३ | रकमान्तर | ९,००,००० |
| २५ | २०७७/७८ | ४५ | भाडा कर | ८,१९,९५३ |
| २६ | २०७७/७८ | ४३.३ | प्राकृतिक श्रोत साधन विक्रि | २,००,५७६ |
| २७ | २०७७/७८ | ३८.२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७,००,००० |
| २८ | २०७७/७८ | ६३.२ | पदाधिकारी सेवा सुविधा | ११,९०० |
| २९ | २०७७/७८ | ५१.२ | जग्गा प्राप्ति | १०,००,००० |
| ३० | २०७७/७८ | ३१.४ | कृषि तथा पशु विकास कार्यक्रम | १,४०,००० |
| ३१ | २०७७/७८ | ६२.४ | कर्मचारी तथा संगठन व्यवस्थापन | ८२,३१२ |
| ३२ | २०७७/७८ | ५६ | करकट्टी | ८,२६२ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | २०७७/७८ | ५८.१ | खोप संचालनको लागि पेश्की लिएको | २,००,००० |
| ३४ | २०७९/८० | १२ | पेश्की व्यवस्थापन | २२,००० |
| ३५ | २०७९/८० | ११.२ | अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता | ७,६१,२१९ |
| ३६ | २०७८/७९ | २०.१ र २०.३ | शिक्षा तर्फ बढी निकासा | १२,२९,८०० |
| ३७ | २०७८/७९ | ८ | धरौटी | ६,३७,०१५ |
| ३८ | २०७८/७९ | १८.२ | कर्मचारी व्यवस्थापन | २०,८३,९०० |
| **जम्मा** | | | | ३,६०,६७,९७६ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | |

# (८०५५२५१०३०० - सत्यवती गाउँपालिका, गुल्मी )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्वेश्यले सत्यवती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा ८ वडा, ११५.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा १९४७३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१२ देखि २०८१।०५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ३४ करोड ९४ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२७६०२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी ग्रेड भुक्तानी | १८१८० |
| २ | सामाजिक सुरक्षा र अन्य | ३०९४२२ |
| जम्मा | | ३२७६०२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र.स./आर्थिकसङ्केत | विवरण | चालु आ.ब.कोकारोबार | गत आ.ब. कोकारोबार |
|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ८,२२,१८,२३३.८२ | ७,८३,१५,४०४.३६ |
| १३००० | अनुदान | ३७,३८,९३,३९९.५६ | ४०,१८,००,२५७.९३ |
| १४००० | अन्य राजस्व | १,६७,८१,८०४.८१ | १,१६,११,५१३.९३ |
| क | **कुलजम्मा प्राप्ति** | ४७,२८,९३,४३८.१९ | ४९,१७,२७,१७६.२२ |
| ३ | चालु | ३५,९९,३८,८३०.६८ | ३३,६९,५७,५४१.३१ |
| २१००० | पारिश्रमिक / सुविधा | २३,४५,९१,९३३.०४ | १८,९०,६४,५०९.०८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९,०२,५१,८९१.०४ | ५,८६,२९,०७२.५० |
| २५००० | सहायता (Subsidy) | ७५,१६,६८५.१० | २,००,८७,३९६.०० |
| २६००० | अनुदान | २,२३,४१,००४.५० | ५,९३,९५,५७९.७३ |
| २७००० | सामाजिक सुरक्षा | ४३,४१,९१७.०० | ८०,३३,११४.०० |
| २८००० | अन्य खर्च | ८,९५,४००.०० | १७,४७,८७०.०० |
| ४ | पूंजीगत | १४,६१,९२,९६४.०० | १३,५९,५६,४९८.२८ |
| ३१११० | भवन तथा संरचना | १,३७,२७,२७२.०० | २,१९,३७,५६८.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४९,४६,२२१.०० | १,१३,०६,९४२.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ९९,९००.०० | २२,३४,९५७.०० |
| ३११५० | सार्वजनिक निर्माण | ११,९८,५१,३२१.०० | ९,७६,०४,०३१.२८ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ७३,१८,२५०.०० | २५,७५,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | २,५०,०००.०० | ० |
| ३१२२० | मौज्दातसामानहरु | ० | २,९८,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ५०,६१,३१,७९४.६८ | ४७,२९,१४,०३९.५९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (३,३२,३८,३५६.४९) | १,८८,१३,१३६.६३ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | २,७४,९८५.२१ | ५,७८,१८१.६४ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (३,२९,६३,३७१.२८) | १,९३,९१,३१८.२७ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ८,०५,२०,४४३.९० | ५,३०,१७,८३२.०१ |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४,७५,५७,०७२.६२ | ७,२४,०९,१५०.२८ |

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४,४१,८७,९८७।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ८६,५७,६३७।-, गरिवसंग विश्वेश्वर कार्यक्रमको रू ४,१५,०००।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रू २१,६५,०००।- समेत गरी रु. १५,५४,२५,६२४।-

एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन।तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **फरक जिम्मेवारी**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ८०१५३४४१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ८०५२०४४३.९० जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३६७००२.९० बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

५ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७० ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ८८९८९९४.२७, यस वर्षको प्राप्ति रु. १९३०९५३१३.१२ यस वर्षको भुक्तानी रु. १९१२४६३२२.९२ र बैङ्क मौज्दात रु. ७३२४९८९.२८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय ) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ७१६२१४४९.६३ | ६६५९८८७५१.३१ | ६९७३७८११७.६ | ४०२३२०८३.३४ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८०५२०४४३.९ | ४७२८९३४३८.१९ | ५०६१३१७९४.६८ | ४७५५७०७२.६२ |
| फरक | (८८९८९९४.२७) | १९३०९५३१३.१२ | १९१२४६३२२.९२ | (७३२४९८९.२८) |

६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु. ३४४५५२९१.९६ र पालिकाका चालुतर्फ कर्मचारीको रु. ७६५६८५६.९१ गरी रु. ४२११२१४८.८७ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन ,संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यवधि,२०७९ तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराएको छ। ऐनमा भएको व्यवस्था बमोजिम पालिकाले कानुन तर्जुमा गरेको छैन। कानून तर्जुमा भै स्वीकृत भएको तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधाको लागि कार्यसम्पादनको सूचक समेत नबनाई वर्ष भरिनै सबै कर्मचारीलाई प्रोत्साहन खर्च रु २४,७६,३४२ उपलब्ध गराएको छ। पालिकाको आन्तरिक आय न्यून भएकोमा प्रोत्साहन भत्ता खर्च लेख्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २४,७६,३४२ |

८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई लागि रु ९ लाख ४१ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको पहिचान गरी सो को पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

९ **अवकास कोष**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष कल्याणकारी कोषको लागि रु १० लाख बजेट विनियोजन गरेको भए पनि सो कोषमा रकम ट्रान्सफर गरेको छैन । कानूनले गरेको व्यवस्था वमोजिम भविष्यमा आइपर्ने दायित्वको लागि कार्यविधि साथ अवकास कोष स्थापना गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६२,०८५,६४२.०० | ५०,८६७,११७.५० | १०.०५ |
| २ | सामाजिकविकास | ३०७,२७३,८१३.६३ | २६७,५५४,११९.०६ | ५२.८६ |
| ३ | पूर्वाधारविकास | ११३,३४३,८६५.०० | ९१,३६३,६७५.०० | १८.०५ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | १३,२९६,६०१.०० | १०,३७८,०६९.०० | २.०५ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ११४,८९८,०१६.०० | ८५,९६८,८१४.१२ | १६.९९ |
| कुल जम्मा | | ६१०,८९७,९३७.६३ | ५०६,१३१,७९४.६८ | १००. |

**उपरोक्त** विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५२.५६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.०५ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

११ **योजना तथा बजेट कार्यान्वयन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन् ः-

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १४ करोड ६१ लाख भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ६९ लाख , दोश्रो त्रैमासिकमा रु १ करोड ५४ लाख, तेस्रो त्रैमासिकमा रु २ करोड ८६ लाख, चौथो त्रैमासिकमा रु. ८ करोड ५१ लाख र असार महिनामा मात्रै रु.५ करोड २८ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु १४ करोड ६१ लाखको खरिद गुरुयोजना तयार गरेको छैन ।

तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ।

१२ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार २५६ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २९७ | १० | ३१ | २५६ |

उपर्युक्त विवरण अनुसार पालिकाले रू ५ लाखभन्दा कम बजेटका २५६ योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनु पर्ने व्यवस्था छ। गाउँपालिकाको विवरण वमोजिम विद्यमान अवस्थामा भएका मालसामानको लगत कार्यालयले तयार गरेको तथा कार्यालयमा प्राप्त भएको तथा खरिद भएका खर्च भएर नजाने मालसामानको जिन्सी सहायक खातामा वुझाउने गरेको छैन। कार्यालयको पाम्स प्रणालीमा अभिलेख भएका सामान के सामान कुन कर्मचारीले बुझेको हो सो को अभिलेख स्पष्ट हुने गरी प्रमाणित सहायक खाता राख्नुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु ५५ करोड ४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **इन्धन खर्च**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन शिर्षकमा यस वर्ष कार्यालय प्रयोजनमा रु १६ लाख ९० हजार र डोजर प्रयोजनमा रू १६ लाख ८० हजार गरी कुल रु. ३३ लाख ७० हजार खर्च लेखेको छ । पालिकाले इन्धन खर्चमा मितव्यिता कायम गरी खर्च गर्नुपर्दछ ।

१६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार

गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ः

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ।

१८ **नाफामुलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (३) मा गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उद्पादनमुलक र छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले गापा पुँजीगतबाट वडा नं २ साना किसान भवन निर्माण उपभोक्ता समितिलाई सानाकिसान भवन निर्माणको लागि रू २४२०४८ भुक्तानी दिएको छ । ऐनको उद्देश्य बमोजिम उत्पादनमुलक उद्योगमा लगानी नगरी नाफामुलक संस्थालाई भुक्तानी दिनु नियमसंगत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | २,४२,०४८ |

१९ **व्यक्तिको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले कामसंग

प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि निम्न व्यक्ति तथा कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ । यसरी भुक्तानी भएको रकम सम्बनधितले पाए नपाएको तथा जुन कार्यको लागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यस तर्फ पालिकाले सुधार गर्नु पर्दछ। यसका केहि उदाहरणहरु

| **भौ नं. मिति** | **कार्यक्रम** | **भुक्तानी लिने** | **रकम** |
|---|---|---|---|
| १०५-२०८०।१२।१६ | न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न | सुर्य बहादुर राना | ११२६०० |
| ९८-२०८०।१२।०६ | दादुरा रुवेल अभियान संचालन (खाजा खर्च) | हिमलाल भण्डारी | १९७०० |
| १५७-२०८१।२।२३ | किशोरकिशोरीमैत्री स्वास्थ्य सम्बन्धी तालिम | रनमाया थापा मगर भुजेल | ७४२०० |

२० **बढी ग्रेड भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **५,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२१ **पदाधिकारी सुविधा-**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ८३,२९,०००।- खर्च गरेको छ।जुन पालिकाको यो वर्षको आन्तरिक आयको तुलनामा ८६.२२ प्रतिशत रहेको छ।पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको सीमाभित्र राख्नुपर्दछ ।

२२ **स्यानिटरी प्याड**

पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ः-

| गो.भौ नं/मिति | आपूर्तिकर्ता | परिमाण | खर्च रु (मु.अ.कर. सहित) |
|---|---|---|---|
| २७४-२०८१।०३।२४ | एन्जल टच हाइजिन म्यानुफ्याचरिङ्ग प्रा.लि | १४९४० प्याकेट | ९६९०८८ |

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले २०८१ आषाढमा रू. ९६९०८८ को खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ । त्यस्तै विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । साथै पालिकाले खरिद गरेको १४९४० थान मध्ये ६१५० थान पालिकामै मौज्दात रहेको विवरण पेश भएको छ ।

२३ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण

गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख) निजि विद्यालय व्यवस्थापन : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग) बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४० सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयहरूको लेखापरीक्षण गराएको विवरण प्राप्त भएको छैन । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

२४ **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ४० वटा विद्यलायलाई रु. ८६५३०० निकासा गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन गराई अनुदान निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

२५ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. १४४०८६४१४ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । पालिकाले लक्षित समूह अनुसार गत आ.व. र यस आ.व. मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको तुलनात्मक विवरण यस प्रकार रहेको देखिन्छ:

लाभग्राहीको अभिलेखः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

बैंकसँगको हिसाबमिलानः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै बुँदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १४४४७८९७३ निकासा दिएकोमा रु.

१०१५७३ निकासा फिर्ता गरी रु. १४४०८६४१४ सामाजिक सुरक्षा भत्ता खर्च लेखेको छ । यस आ. व. मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकहरुलाई दिएको निकासा र वितरणको अवस्था निम्नानुसार छ ।

| त्रैमासिक | निकासा रकम | Reverse Feed अनुसार खर्च रकम | बाँकी रकम⁄फिर्ता |
|---|---|---|---|
| प्रथम | ३५७०८०९४ | ३५६०६५२१ | १०१५७३ |
| दोस्रो | ३५९२८०३८ | ३५९०६६१६ | |
| तेस्रो | ३६३२१४९५ | ३६२०३१३१ | |
| चौथो | ३६५२१३४६ | ३६३७०१४६ | |
| जम्मा | १४४४७८९७३ | १४४०८६४१४ | |

पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. ११४१८७९८७ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु. १४४४७८९७३, लाभग्राहीलाई वितरण गरेको रु. १४४०८६४१४ र रु. १०१५७३ फिर्ता गरेको विवरण प्राप्त भएको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक पर्नुको कारण एकिन गरी पालिकाले दुवै सफ्टवेयरबीचको एकरुपता हने गरी आर्थिक विवरण चित्रण गर्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **७,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **२,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-२** को निर्णयले रू **५,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

